**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012, 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ७७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत २० गते शुक्रबार ❑ 3 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## जिम्मेवारी पूरा गरेर मतादेशको ऋण तिर्नेछौँ: सभापति लामिछाने

**रासस**
काठमाडौं, १९ चैत

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले जनताले आफूहरूलाई दिएको मतादेशको ऋण जिम्मेवारी पूरा गरेर तिर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा बिहीबार दलीय आधारमा बोल्दै सभापति लामिछानेले आफूहरूलाई जनताले सिंहदरबार चलाउन नभई सिंहदरबार बदल्नका लागि मत दिएको र सोहीअनुसार काम सुरु गरिसकेको स्पष्ट गर्नुभयो।

"हामी प्रश्न गरेर यो ठाउँमा आएका हौँ। हामीले बोलेर होइन कामबाट आफूलाई प्रमाणित गर्नुपर्छ। हामी विगतका कमजोरीबाट पाठ सिक्नेछौँ", सभापति लामिछानेले भन्नुभयो, "यो संसद् बहसको थलो हुनेछ, प्रतिशोधको थलो होइन। प्रतिपक्षलाई अन्यायपूर्वक प्रतिशोध र अत्याचार हुनेछैन, तर सुशासनको बेग पनि रोकिनेछैन। रास्वपाका हरेकले बोलेर होइन, कामबाट आफूलाई प्रमाणि गर्नुपर्नेछ।" आफ्नालाई बचाउन र अरुलाई फसाउन कानुन नै संशोधन हुने क्रम अब नहुने जिकिर गर्दै उहाँले सहिदको आमाको न्याय पाउने पहिलो हक भएकाले त्यसलाई प्रतिशोध भन्न नपाइने बताउनुभयो। सभापति लामिछानेले बिचौलिया र माफियाले थिचिएको निजी क्षेत्रलाई अब त्यस्तो दबाब नपर्ने भन्दै समान अवसर र व्यावसायिक वातावरण सरकारले मिलाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले जातीय र लैङ्गिक आधारमा कुनै विभेद नहुने सङ्कल्प गर्दै ज्येष्ठ नागरिकको सम्मान र बालबालिकाको शिक्षा, स्वास्थ्यका लागि विशेष ध्यान दिने बताउनुभयो।



विगतमा राजनीतिक नियुक्ति लिएकालाई स्वेच्छिक रूपमा मार्गप्रशस्त गर्ने अपेक्षा गर्दै उहाँले नयाँ नियुक्तिमा विधि र योग्यताको मापदण्ड पालना हुने स्पष्ट गर्नुभयो। सभापति लामिछानेले राजदूतको नियुक्ति बिचौलियाको प्रभावमा नभई श्रमिकको हितकेन्द्रित हुने पनि बताउनुभयो। गैह्रआवासीय नेपालीको पुँजी, सीप र अनुशासनलाई नेपालको आर्थिक विकासमा उपयोग गर्ने बताउँदै उहाँले मुलुकले प्रतिपक्षलाई पनि साथमा लिएर मित्रवत् र पारदर्शी परराष्ट्र नीति कायम गर्ने बताउनुभयो।

## एक सातामै बढ्यो पेट्रोलियम पदार्थको मूल्य

**रासस**
काठमाडौं, १९ चैत

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ।

पछिल्लो पटक मूल्य वृद्धि गरेको एक सातामै निगमले बिहीबारमध्यरातदेखि लागू हुने गरी डिजेल/मट्टितेल र पेट्रोलको मूल्यमा प्रतिलिटर १५ रुपैयाँले वृद्धि गरेको हो। यसअघि निगमले यही चैत ११ गते पेट्रोलियम पदार्थको मूल्य समायोजन गरेको थियो।

निगमले पेट्रोलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १९९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा २०१ रुपैयाँ र तेस्रो वर्गमा २०२ रुपैयाँ तथा डिजेल/मट्टितेलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १७९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १८१ रुपैयाँ र तेस्रो वर्गमा १८२ रुपैयाँ तोकेको छ। मूल्य समायोजनसँगै काठमाडौँमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रुपैयाँ पर्ने भएको छ। निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तोकेको छ।

अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेकाले स्थानीय बजारमा पनि मूल्य बढाउनुपरेको निगमले स्पष्ट पारेको छ। यही मार्च १६ र ३१ मा इन्डियन आयल कर्पोरेसनबाट प्राप्त खरिद मूल्यअनुसार पेट्रोलको मूल्यमा प्रतिलिटर ४७।१२ रुपैयाँ र डिजेलमा प्रतिलिटर १३३।४५ रुपैयाँ तथा एलपी ग्यासमा प्रतिसिलिन्डर ४१६।३७ रुपैयाँ घाटा रहेको निगमले जनाएको छ। अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि भइरहने तथा सोही अनुसार मूल्य समायोजन हुन नसक्दा पाक्षिकरूपमा १३ अर्ब २१ करोड रुपैयाँ घाटा भइरहेको निगमले स्पष्ट पारेको छ। घाटा रकम बढ्दै जाँदा इन्डियन आयल कर्पोरेसनलाई भुक्तानी दिन नसकिने अवस्था सिर्जना भएको निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिनुभयो।

## मुस्ताङमा तीन महिनामा ४३ हजार पर्यटक भित्रिए

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ चैत

मुस्ताङमा तीन महिनामा ४३ हजार ६५ जना विदेशी पर्यटक भित्रिएका छन्।

सन् २०२६ को जनवरीदेखि मार्चसम्म उक्त सङ्ख्यामा विदेशी पर्यटक मुस्ताङ भित्रिएको राष्ट्रिय प्रकृति सरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले जनाएको छ। एक्याप जोमसोम कार्यालयका अनुसार सन् २०२६ को जनवरीदेखि मार्चसम्म सार्क राष्ट्रबाट ३७ हजार ९८९ जना र अन्य मुलुकबाट पाँच हजार ६७ जना विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिनुभयो। यसअघि सन् २०२५ को जनवरी, फेब्रअरी र मार्च महिनामा कूल २८ हजार ७४४ जना विदेशी पर्यटकले मुस्ताङ जिल्लाको भ्रमण गरेको एक्यापको तथ्याङ्कमा उल्लेख छ।

उक्त समयको तीन महिनामा सार्कतर्फ २४ हजार ८४७ जना र अन्य मुलुकबाट तीन हजार ८९७ जनाले मुस्ताङको भ्रमण गरेका थिए। सन् २०२५ को तीन महिनाको तुलनामा सन् २०२६ को जनवरीदेखि मार्च महिनामा सार्क राष्ट्रतर्फ १३ हजार १४२ जना अर्थात (३४.५९) प्रतिशत र अन्य राष्ट्रतर्फ एक हजार १७० जना अर्थात (२३.०९) प्रतिशत विदेशी पर्यटक वृद्धि भएको एक्याप प्रमुख गुप्तले बताउनुभयो। सन् २०२४ मा कूल एक लाख ३५ हजार ७१९ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए। सन् २०२५ मा कूल एक लाख ६१ हजार १२२ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएको एक्यापको तथ्याङ्कमा उल्लेख छ।

## सभामुख र उपाध्यक्षको निर्वाचन कार्यतालिका सार्वजनिक

**रासस**
काठमाडौं, १९ चैत

संघीय संसद् सचिवालयले यही चैत २२ गते आइतबार हुने प्रतिनिधिसभाको सभामुखको निर्वाचनका कार्यतालिका सार्वजनिक गरेको छ।

कार्यतालिका अनुसार चैत २० गते शुक्रबार बिहान ११:०० देखि २:०० बजेसम्म प्रतिनिधिसभाका कुनै सदस्यलाई सभामुख पदमा निर्वाचित गरियोस् भनी नियमावालीको ढाँचामा प्रस्तावको सूचना (मनोनयन) संसद् सचिवालय, सिंहदरबारमा दर्ता गर्ने कार्यक्रम रहेको छ। सचिवालयले आज सार्वजनिक गरेको कार्यतालिकाअनुसार त्यही दिन दिउँसो २:३० बजेदेखि तोकिएको समयमा दर्ता भएका उम्मेदवारीको सूचना दर्ता क्रमअनुसार सूची प्रकाशन गर्ने छ। दर्ता भएका प्रस्तावका सूचनालाई आइतबार हुने प्रतिनिधिसभाको बैठकमा प्रस्तावले प्रस्ताव र समर्थकले समर्थन गर्ने तथा सामूहिक छलफलपश्चात् निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम छ।

त्यसैगरी, राष्ट्रियसभा उपाध्यक्ष पदको निर्वाचन चैत २३ गते हुने भएको छ। संसद् सचिवालयले सार्वजनिक गरेको कार्यतालिकाअनुसार चैत २२ गते अपराह्न २:३० देखि ३:३० सम्म राष्ट्रियसभाका कुनै सदस्यलाई सभाको उपाध्यक्ष मतमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दिइने छ। यस्तै चैत २२ गते अपराह्न ४:०० बजे दर्ता भएका प्रस्तावकको सूचनाको दर्ता सूची प्रकाशन हुने छ भने २३ गते दिउँसो १:१५ बजे बस्ने राष्ट्रियसभाको बैठकले उपाध्यक्ष चयन गर्ने छ।

## समाजको विकास र रुपान्तरणमा आमा समूहको योगदान महत्वपूर्ण : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
गण्डकी, १९ चैत

गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकूद मन्त्री विन्दुकुमार थापाले सामाजसँगै समग्र देशको आर्थिक र सामाजिक रुपान्तरणमा आमा समूहको महत्वपूर्ण योगदान रहेको बताउनु भएको छ।

एकीकृत सेवा कार्यालय स्याङ्जाको आयोजनामा आँधीखोला गाउँपालिका जुग्लेमा आयोजित आमा समूहका सदस्यहरुलाई नेतृत्व विकास कार्यक्रममा बोल्दै थापाले समुदायस्तरमा महिलाहरूको सहभागिता, सशक्तिकरण र सामाजिक विकासका लागि सरकारले जनचाहाना अनुसार नीति, कार्यक्रम र बजेट निर्माण र कार्यान्वयनमा जोड दिएको बताउनु भयो। उहाँले सामाजिक न्याय र समानता मूलक समाज निर्माणको लागि पछी परेका वर्ग समुदाय, ग्रामीण क्षेत्रमा रहेका नागरिकको जीवनस्तर उकास्नको लागि उद्यमशिलता, प्राविधिक शिक्षा, नेतृत्व विकास कार्यक्रममा लक्षित वर्गसँगै हातेमालो गरेर गण्डकी प्रदेश सरकार अगाडी बढेको बताउनु भयो।




आँधीखोलागाउँपालिकाउपाध्यक्ष सीताथापाले आमासमूहनेपालका समुदायस्तरमा महिलाहरूको सहभागिता, सशक्तिकरण र सामाजिक विकासका लागि गरेको कामको प्रशंसा गर्नु भयो। आँधीखोला गापा वडा नं. ५ का वडा अध्यक्ष कृषि प्रसाद पनेरुले संविधानले नै महिलाहरुको हरेक क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गरेको हुदाँ आफैमा क्षमता विकास सहितको क्रियाशिल भएर अगाडि बढ्नुपर्ने बताउनु भयो। एकीकृत सेवा कार्यालय स्याङ्जाका प्रमुख जीवन पौडेलले समयसँगै समुदायका समस्या र आवश्यकताहरू परिवर्तन हुँदै गएका कारण आमा समूहका पदाधिकारी तथा सदस्यहरूमा प्रभावकारी नेतृत्व, योजना निर्माण, निर्णय क्षमता, समन्वय र व्यवस्थापन सम्बन्धी सीप आवश्यक परेको र यस किसिमको कार्यक्रम आगामी आर्थिक वर्षको बजेटमा समावेश गरी जिल्लाका सबै क्षेत्रमा गर्ने तयारी रहेको बताउनु भयो। कार्यक्रममा अधिवक्ता कुञ्जना परियार प्यासीले महिला सशक्तिकरणको लागि नेतृत्व विकास, महिलाहरुमा हुनु पर्ने महत्वपूर्ण कानूनी ज्ञान, सकरात्मक सोच, आमा समूहले सामाजिक विकास र रुपान्तरण तथा आयआर्जनमा खेल्न सक्ने भूमिका लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। प्रदेश अस्पताल स्याङ्जा, एकद्धार संकट व्यवस्थापन केन्द्रकी प्रमुख गिता न्यौपानेले जिल्लाको महिला हिंसाको अवस्था, उद्धार र पुर्नस्थापनामा प्रदेश सरकारले खेलेका भूमिका लगायतका विषयमा सहजिकरण गर्नु भएको थियो। कार्यक्रममा आमा समूहका सदस्यहरुलाई जीवन विज्ञान केन्द्र स्याङ्जाले योग, ध्यान, सकरात्मक सोच लगायतका विषयमा प्रशिक्षण गरिने कार्यक्रम रहेको छ। कार्यक्रमले आमा समूहलाई केवल सामाजिक कार्यक्रम सञ्चालन गर्ने समूह मात्र नभई समुदाय विकासको साझेदार संस्था, सरकारको सहकार्यकर्ता तथा महिला सशक्तिकरणको महत्वपूर्ण माध्यमका रूपमा विकास गर्न सहयोग पुग्ने अपेक्षा राखिएको छ। कार्यक्रम जागृती आमा समूह र जुग्ले आमा समूहको सहकार्यमा भएको थियो भने सिद्धेश्वरी आमा समूह र प्रगतिशील आमा समूहकोका पदाधिकारी र सदस्यहरुको समेत उपस्थिति रहेको थियो। कार्यक्रममा महिला अधिकार र सशक्तिकरण लगायतका विषयमा विभिन्न गीत, कविता, नृत्य राख्ने सहभागिहरुलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो। १०० जना भन्दा बढी आमा समूहका महिलाहरु र शिक्षिकाहरु समेत सहभागि भएको कार्यक्रमको सञ्चालन स्मृति काफ्लले गर्नु भएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ हु.नि.पो.द.नं. ०१/०७९/०८०


# कृषि सिकाइको पाठशाला बन्दै कडरिया एकीकृत कृषि फर्म

**पोखरापत्र संवाददाता**
गण्डकी, १९ चैत

कृषि प्रतिको अनिच्छासँगै युवा पलायनका कारण खेतबारीहरू बाँझिदै गरेका वास्तविकतामा तनहुँको भानु नगरपालिका वडा नं ९ चितीखोलास्थित कडरिया एकिकृत कृषि फर्म भने कृषि जान्न र बुझ्न चाहने जो कोहीका लागि राम्रै पाठशाला बनेको छ।

एकै स्थानमा कृषिका विविधतासँगै सम्भावनालाई प्रत्यक्ष अवलोकन गर्न पाइने यस फर्ममा कुल २७ रोपनी क्षेत्रफलमा बहुप्रजातिका कृषिजन्य उत्पादन गरिदै आइएको छ।

शिक्षण पेशामा लामो समय बिताउनुभएका वासुराज कडरियाले आँफू पेशामा रहँदैदेखि सुरु गरेको कृषिकर्मलाई सेवा निवृत्त जीवनमा अझै सकृयताका साथ त्यसलाई व्यवस्थित गराउँदै लैजानुभएको हो । पहिला सामान्य रूपमा थालिएको उहाँको कृषिकर्म यतिखेर कडरिया एकिकृत कृषि फर्मका रूपमा अघि बढीरहेको छ। उहाँको फर्ममा पशुपालन, कुखुरा पालन, तरकारी तथा फलफूल खेतीहरू एकै साथ गरिदै आइएको छ । फर्ममा कडरिया र उहाँकी श्रीमती रामेश्वरी निरन्तर लाग्नुभएको छ नै एक जनाले नियमित रोजगारी समेत पाउनुभएको छ । फर्ममा आवश्यकता अनुसार वार्षिक पाँच सय भन्दा बढीले रोजगारी पाइरहेको उहाँले बताउनुभयो।

कडरियामा कृषिमा केही गर्नुपर्छ भन्ने भावना भने विद्यार्थी हुँदादेखि नै सुरु भएको हो। २०३५ सालमा स्थानीय कालिका माध्यमिक



विद्यालयमा पढ्ने बेलामा बागबानी विषयको प्रयोगात्मक सिकाइ घरमा नै गर्ने गरिन्थ्यो । त्यसै समयदेखि नै कृषिका विभिन्न प्रयोग गर्दै आउनुभएका उहाँले अहिले भने एकिकृत कृषि फर्म मार्फत अरुका लागि पनि प्रेरणको स्रोत बनीरहनुभएको छ । सुरुमा चार सय बोट सुन्तला र एक हजार छ सय बोट कफिबाट सुरु गरिएको व्यवसायिक कृषिले उहाँलाई अन्ततः सफल कृषि व्यवसायी बनाएको हो। सुरुमा सुन्तला राम्रै उत्पादन भएपनि २०५२/०५३ बाट सुन्तलामा रोग लाग्न थालेपछि त्यसको विकल्पमा केरा, अदुवा खेती आदि गरेको उहाँले अनुभव सुनाउनुभयो । आँफूले २०५३/२०५४ सालतिर एक हजार ७०० धार्नीसम्म अदुवा उत्पादन गरेको अनुभव सुनाउँदै उहाँले त्यस क्रममा हलेदो खेती समेत गरेको बताउनुभयो। त्यस्तै २०५४/२०५५ सालतिर तीन रोपनी क्षेत्रफलमा जाली लगाएर खुल्ला रूपमा लोकल कुखुरा पालन गर्नुभएका कडरियाले झण्डै आठ सयसम्म कुखुरा पाल्नुभयो। तर ती ती कुखुराबाट त्यति फाइदा हुन सकेन। त्यस पछि एक हजार लेस कुखुरा पालेका उहाँले कोरोना महामारी पछि ती पनि हटाउनुभयो । त्यस यता झण्डै दुई हजारको संख्यासम्म बोइलर कुखुरा पालन गरिरहेको उहाँले अनुभव सुनाउनुभयो।

कृषिका विविधतामा नयाँ नयाँ खोज र प्रयोग रुचाउने उहाँले पाँच वर्ष यता मेवा खेती थाल्नुभएको छ । "मैले यतिखेर फर्ममा मेवा सहित तीन तल्ले खेती गरिहेको छु", उहाँले भन्नुभयो, "मेवा खेती, कुरिलो खेती हुँदै अदुवा तथा हलेदो खेती एकै साथ गरिहेको छु ।" उहाँको फर्ममा २५० बोट मेवा छन् भने ताइबान अम्बा एक सय बोट लगाइएको छ। फर्ममा परीक्षणका लागि ९० बोट बोधिचित्त पनि लगाइएको छ । उहाँको फर्ममा नासपति, आरु, लिची, कटहर, भुइँकटहर, आरु, कागती, किबी लगायत विभिन्न ५० प्रजातिका फलफूल रहेका छन्। त्यस्तै मौरीपालनदेखि पशुपालनसम्मका विविध कृषिका प्रयोगहरू फर्ममा गरिएको छ । पछिल्लो समयमा एकिकृत कृषिका विविधताको अवलोकनका लागि ठाउँ ठाउँबाट हेर्न र बुझ्न आउने क्रम पनि बढीरहेको छ । पछिल्ला वर्षमा बाँदरको समस्या भने गम्भीर रूपमा बढीरहेको उहाँले बताउनुभयो । खेतबारीहरू बाँझिने क्रमले पनि खेती गरिएका ठाउँमा बाँदरको असर धेरै पर्न थालेको उल्लेख गर्दै उहाँले यस समस्याको उचित व्यवस्थापनतर्फ राज्यको चासो पुग्नु जरुरी रहेको बताउनुभयो । हालै इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन(एगा) पोखराको टोलीले फर्मको स्थलगत रूपमा अवलोकन गरेको छ। एगा सम्बद्ध पर्यटन व्यवसायी एवम् सञ्चारकर्मी सहितको ४० सदस्यीय टोलीले फर्ममा एकिकृत कृषिका विधितालाई एकै ठाउँमा अवलोकन गरेको एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले बताउनुभयो। पर्यटनसँग कृषिजन्य उत्पादन प्रत्यक्ष जोडिने बताउँदै उहाँले पछिल्ला वर्षमा घुम्न आउने पर्यटकले स्थानीय उत्पादनका परिकारलाई जोड दिने गरेको बताउनुभयो । पछिल्ला समयमा कृषि पर्यटन पनि पर्यटनको महत्वपूर्ण पाटो बनिरहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका मणिराज लामिछाने बताउनुहुन्छ । कृषिलाई पर्यटनसँग जोड्ने उद्देश्यका साथ पोखरा र आसपासका क्षेत्रमा असारे रोपाइँ महोत्सव, दाइँ महोत्सव, आलु महोत्सव आदि गरिदै आइएको उहाँले बताउनुभयो । "कृषिजन्य उत्पादनलाई पर्यटनसँग प्रत्यक्ष जोड्न सकिन्छ", उहाँले भन्नुभयो, "पछिल्ला वर्षमा कृषिसँगै जाडिएर इलाममा चिया पर्यटनको विकास भएको छ, चियान टिप्ने समयमा हेर्न र घुम्नका लागि मात्र पनि ठाउँ ठाउँबाट पर्यटकहरू पुग्ने गरेका छन्।"

# लेउवा संघमा रोजगारीको अवसरका लागि अर्न्तक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत




लेखनाथ उद्योग वाणिज्य संघमा रोजगारीका अवसर हरुका लागी रोजगारदाताहरु र पुर्वसिकाईको मान्यता विषयमा ग्राजुएट विच अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ।

औपचारीक शिक्षा हासिल नगरेतापनि कार्य अनुभवका कारण सिप र दक्षता भएकाहरुलाई कसरी रोजगारीको क्षेत्रमा ल्याउन सकिन्छ भन्ने विषयमा अर्न्तक्रिया गरिएको हो । कार्यक्रममा स्वागत गर्दै लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुली अधिकारीले हातमा सिप भएर पनि रोजगारिको क्षेत्रमा राज्यका सेवा सुविधाबाट बञ्चित भईरहेका व्यक्तिहरुका लागि कार्यक्रम फलदायी हुने वताउँदै यसबाट उद्योगी व्यवसायीहरु समेत लाभान्वित हुने वताएकी थिईन ।उक्त अवसरमा समाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशका उप-सचिव तोयानाथ लम्सालले प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको नितिगत व्यवस्था, सिप परिक्षणका लागी तिन तहका सरकारले गर्न सक्ने काम र प्रदेशमा पूर्व सिकाइको मान्यताको आधारमा सिप परिक्षणको अवस्थाका विषयमा प्रस्तुती राखेका थिए। प्रदेशमा यसरी सिप परक्षिण गरेर दक्षताको प्रमाणपत्र लिनेमा आ.व. २०७९/०८० मा १ सय ३३ जना, आ.व. २०८०/०८१ म १सय ९४ जना र आ.व. २०८१/०८२ मा ३ सय ४९ जना रहेको जानकारी गराएका थिए। यस्तै नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना गण्डकी प्रदेशका प्रबन्धक चन्द्रप्रसाद तिमिल्सिनाले राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको सार्न्दभिकताको विषयमा र पोखरा महानगरपालिका व्यवसाय प्रर्बद्धन केन्द्रका नवराज अधिकारीले सिप परिक्षा उर्तिण व्यक्तिहरु र रोजगारदाताका लागि अवसर विषयमा प्रशिक्षण दिएका थिए । संघका पुर्वअध्यक्ष चतुराखर अधिकारीले कार्यक्रम समय सापेक्ष एवं महत्वपुर्ण रहेको वताउँदै यसले राज्य, निजि क्षेत्र र स्वयंम सिप र दक्षता भएर पनि अवसर पाउन सकेका व्यक्तिहरुका पनि लाभदायक हुने वताएका थिए । संघका प्रथम उपाध्यक्ष विक्रम कर्माचार्यले बजारको आवश्यकता र सम्भावनालाई मध्यनजर गरेर तालिमहरु सञ्चालन गनुपर्नेमा जोड दिँदै उसो गर्न नसके अस्वस्थ प्रतिष्पर्धा जस्ता दुष्परिणाम निम्तने सक्ने वताएका थिए । संघका अध्यक्ष जानुका पराजुली अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव भरतराज ओझाले र धन्यवाद ज्ञापन कार्यसमिति सदस्य विरेन्द्रराज भुर्तेलले गरेका थिए।

# निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनमा रोक लगाउने निर्णयमा महासंघको आपत्ति

**रासस**
काठमाडौं, १९ चैत

नेपाल पत्रकार महासङ्घले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनमा रोक लगाउने सचिवस्तरीय निर्णयमा नेपाल पत्रकार महासङ्घले आपत्ति जनाएको छ।

महासङ्घले सो निर्णय तत्काल फिर्ता लिन सरकारसँग माग पनि गरेको छ। महासङ्घले बिहीबार विज्ञप्ति जारी गरी सरकारी सञ्चारमाध्यमबाट मात्रै सरकारी विज्ञापन सम्प्रेषण गर्ने सरकारको निर्णयबाट निजी सञ्चारमाध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति उत्पन्न हुने भन्दै सो निर्णयप्रति आपत्ति जनाएको हो।

म हा स ङ् घ ले भनेको छ, "कोरोना कहर र जेनजी आन्दोलनको कारण आर्थिक सङ्कटव्यहोरिरहेकानिजीसञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक लगाउने सचिवस्तरीय निर्णयप्रति महासङ्घ गम्भीर असहमति र आपत्ति प्रकट गर्दछ भने यसले 'प्रेस सेन्सरसिप'को अवस्था सिर्जना भई आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने हाम्रो ठहर छ।" सरकारले बिहीबार सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट सबै सङ्घीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाई समेत परिपत्र गरेको छ।

# फेवा महोत्सवमा तीन लाख पर्यटक पोखरा आउने आँकलन

**पोखरापत्र संवाददाता**
गण्डकी, १९ चैत




नेपाली नयाँ बर्ष २०८३ मनाउन यसपटक तीन लाख आन्तरिक तथा बाह्य पर्यटक पोखरा आउने होटल संघ पोखरा नेपालले अनुमान गरेको छ।

पोखरामा आयोजना हुने २१ औं फेवा नव बर्ष महोत्सवको तयारीबारे जानकारी दिन विहीबार आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष लक्ष्मण सुवेदीले सो आँकडा सुनाएका हुन् । यही चैत २९ देखि आगामी वैशाख १ गतेसम्म संघले लेकसाइडको सडकमा यो महोत्सव आयोजना गर्दै छ। महोत्सवका अवसरमा होटलको अकुपेन्सी दर ९० प्रतिशतसम्म पुग्ने विषय पनि अध्यक्ष एवं महोत्सवका संयोजक सुवेदीले सुनाए । महोत्सवको तयारी अन्तिम चरणमा पुगेको जानकारी पनि उनले दिए।

प ो ख र ा क ो खहरेचोकदेखि सहिदचोक बिचको सडकमा महोत्सव संचालन हुने छ। पर्यटन, संस्कृति र खानालाई जोड दिएर यो महोत्सव हुन लागेको हो । महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था रहने छ। महोत्सवका अवसरमा संघ अन्तर्गतका सदस्य होटलले आफ्नो प्रकाशित दररेटमा २५ प्रतिशतसम्म छुट प्रदान गर्ने घोषणा गरिसकेका छन् । इ-सेवाबाट होटल बुक गर्दा १० प्रतिशत सम्म क्यासब्याक हुने अफर पनि इ-सेवाले अगाडि सारेको छ।

प्रदेशस्तरीय मौलिक तथा रैथाने परम्परागत खानाको प्रदर्शनी, पंचैबाजा प्रतियोगिता र पर्यटक दौड प्रतियोगिता महोत्सवका प्रमुख आकर्षण हुन्। सांस्कृतिक, मनोरञ्जनात्मक, लोकदोहोरी र पप कन्सर्टका कार्यक्रम पनि हुने छन्। महोत्सवका अवसरमा स्थानीय खहरेबाट निकालिने झाँकी अम्बोटमा पुगेपछि औपचारिक उद्घाटन समारोह सुरु हुने छ। महोत्सवलाई भव्य बनाउन विभिन्न उपसमितिबाट काम जारी छन्। केही दिन अघि पूर्वी नेपालका विभिन्न शहरमा पुगी नेपाल पर्यटन बोर्ड गण्डकीसँगको समन्वयमा जाउँ है पोखरा कार्यक्रम अन्तर्गत संघले फेवा महोत्सवको निम्ता बाँडिसकेको छ। लुम्बिनी प्रदेशका संचारकर्मीमार्फत् पश्चिमका बासिन्दालाई पनि महोत्सवका सहभागिताका लागि आमन्त्रण पनि संघले गरेको छ । यही चैत २८ गते पोखरामा हुने रात्री दौडका आयोजक पोखरा क्लिक र पोखरा प्रबर्द्धन केन्द्रसँग सहकार्य गर्दै संघले महोत्सव प्रचारको कार्यक्रम पनि अगाडि बढाएको छ । फेवा महोत्सवको मुख्य प्रायोजकमा गोर्खा ब्रुअरी प्रालि, सहप्रायोजकमा म्याक्स टाइगर र एक्ट्रिम इनर्जी ड्रिंक तथा प्रायोजकहरुमा अन्नपूर्ण केवलकार लि, इ-सेवा, युनाइटेड वाइनरी प्रालि रहेका छन्। इन्योरेन्स पार्टनरमा सलिको इन्स्योरेन्स रहेको छ । महोत्सव प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पोखरा महानगरपालिका र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश रहेका छन् । पत्रकार सम्मेलनमा नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणिराज लामिछाने र आयोजक संघका निवर्तमान अध्यक्ष विकल तुलाचनले पनि भनाई राखेका थिए। कार्यक्रमको संचालन संघका सचिव पार्वता पाण्डेले गरेकी थिइन्।

# बागलुङका सबै बालबालिकालाई दादुरा विरुद्धको खोप लगाइने

**रासस**
काठमाडौं, १९ चैत

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बागलुङ जिल्लाका सबै बालबालिकालाई दादुरा विरुद्धको खोप लगाउने भएको छ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखाप्रमुख डा अभियान गौतमले ढोरपाटन नगरपालिकामा दादुरा सङ्क्रमण फैलिएपछि जिल्लाका सबै बालबालिकालाई दादुरा विरुद्धको खोप लगाउन लागिएको बताउनुभयो । उहाँले आगामी वैशाखदेखि खोप लगाइने बताउनुभयो । यसअघि दादुरा फैलिएपछि ढोरपाटन नगरपालिकामा खोप अभियान सञ्चालन गरिएको थियो। "दादुरा सङ्क्रमण अझ नियन्त्रणम आएको छैन," उहाँले भन्नुभयो, "त्यही भएर जिल्लाभरिका बालबालिकालाई खोप लगाउने छौँ ।" यस नगरपालिकामा १३ जनामा दादुरा देखिएको छ। भारतबाट आएका एक जना दादुरा सङ्क्रमितले ढोरपाटनमा दादुरा सङ्क्रमण फैलाएका थिए। शाखा प्रमुख डा गौतमका अनुसार अहिले दादुरा सङ्क्रमितको समुदायमा सक्रिय खोजी भइरहेको र उपचार तथा निगरानीसमेत भइरहेको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदि
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदि

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण गर्न कार्यदल गठन

**रासस**
काठमाडौं, १९ चैत

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ तयार गर्ने भएको छ।

यसका लागि प्राधिकरणको नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख, सहसचिव रोशनीकुमारी श्रेष्ठको संयोजकत्वमा १८ सदस्यीय कार्यदल गठन भई कायम थालिएको हो।

प्राधिकरणका प्रवक्ता उपसचिव शान्ति महतले मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ तयार गर्न कार्यदल गठन गरेर काम थालिएका जानकारी दिनुभयो। कार्यदलमा विपद् सम्बद्ध सङ्घीय मन्त्रालय, विभाग तथा प्राधिकरणका साथै तीनवटै सुरक्षा निकायका प्रतिनिधि सहभागी छन्।

सम्भावित मनसुनजन्य विपद्‌को प्रभावकारी सामना गर्दै धनजनको क्षति न्यूनीकरण गर्न सङ्घ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय, साझेदार संस्थालगायत विपद्सँग सम्बन्धित सरोकारवाला सबै निकायलाई पूर्वतयारी तथा प्रतिकार्यमा योजनाबद्ध ढङ्गले लाग्नका लागि कार्ययोजना बन्न लागेको हो।

उक्त कार्ययोजना निर्माणका एक सदस्य प्राधिकरणका उपसचिव रामकुमार केसीले सबै प्रतिनिधिसलाई आवश्यक सुझाव दिनका लागि एक हप्ताको समय दिइएको जानकारी दिँदै यसपाली समयमै कर्यायोजना निर्माण हुने बतउनुभयो। उहाँले कार्ययोजनामा केके विषय समेट्नुपर्छ भन्नेसम्मको सुझाव प्राप्त भएपछि अर्को हप्ता कार्यदलको बैठक बस्ने तय भएको पनि उहाँले बताउनुभयो।

गृहमन्त्री सुदन गुरुङले प्राधिकरणमा हालै आयोजित कार्यक्रममा समयमै प्रतिकार्य योजना निर्माण गरी विपद् व्यवस्थापनमा चुस्त निर्माण गर्न निर्देशन दिनुभएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# अनावश्यक कर घटाऊ

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार बनेपछि पेट्रोलियम पदार्थको अत्यधिक मूल्य बढेको छ। सरकार नियन्त्रित नेपाल आयल निगमले पेट्रोलियम पदार्थको भाउ बढाएको छ। निगमले बिहीबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल र डिजेलको मूल्य वृद्धि गरिएको जनाएको हो। निगमले विज्ञप्ति जारी गर्दै पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर १५ रुपैयाँका दरले मूल्यवृद्धि गरेको जनाएको छ। मूल्य समायोजनसँगै अब तेस्रो वर्ग अन्तर्गत काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रुपैयाँ पुगेको छ। यसअघि १८७ रुपैयाँ थियो। यसअघि डिजेल र मट्टीतेलको मूल्य १६७ रुपैयाँ लिटर रहेकामा अब बढेर १८२ रुपैयाँ पुगेको छ।

यस्तै पहिलो वर्गअन्तर्गत रहेका चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १८४ रहेकामा अब १९९ रुपैयाँ ५० पैसा पुगेको छ, भने डिजेल/मट्टीतेलको मूल्य यसअघि प्रतिलिटर १६४ रुपैयाँ ५० पैसा रहेकामा अब बढेर १७९ रुपैयाँ ५० पैसा कामय भएको निगमले जनाएको छ। यस्तै दोस्रो वर्गमा रहेका सुर्खेत र दाङमा यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १८६ रुपैयाँ रहेकामा अहिले बढेर २०१ रुपैयाँ पुगेको छ। डिजेल/मट्टीतेलको मूल्य पहिले प्रतिलिटर १६६ रुपैयाँ रहेकामा अब बढेर १८१ रुपैयाँ पुगेको निगमले जानकारी दिएको छ।

विगत महिनादेखि पश्चिम एसियामा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धि भइरहेको छ। सो युद्धका कारण पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजारमा निरन्तर मूल्यवृद्धि भई इण्डियन आयल कर्पोरेशनबाट प्राप्त मूल्य अनुसार स्वचालित मूल्य प्रणाली बमोजिम मूल्य समायोजन हुन नसकेको जनाएको छ। भारतले भने जनतालाई बढी मार पर्ने भनेर कर घटाएको छ। दुई तिहाइ बहुमतको सरकारले जनतालाई मूल्य बृद्धीको मारबाट जोगाउन अनावश्यक कर घटाउन वा केही कर खारेज गर्न सक्ने थियो। मितव्ययी बन्न सरकारले माथिल्लो तहबाट उदाहरण प्रस्तुत गर्न सकिने ठाउँ थियो। कुनै काम नगरी एकोहोरो मूल्य बढाउनु जनताप्रति बेवास्ता गर्नु हो। सरकारले जनताको चुल्हो महंगो हुन नदिन कर घटाएर नयाँ मूल्य तोकेर सरकार जनताको हितमा काम गर्न प्रयत्नशील छ भन्ने सन्देश दिन आवश्यक छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# सहकारी एक – जानकारी अनेक

डिल्लीप्रसाद ढुंगाना



देश विकासमा विभिन्न क्षेत्रहरु क्रियाशिल भएका हुन्छन । देश विकासको लागि सबैभन्दा ठूलो भूमिका सरकारको हुन्छ । तर सबै काम सरकारले मात्र गर्ने सम्भव हुदैन । देश र समुदायको विकासको लागि नीजि लगानिकर्ता उद्यमी व्यवसायी र सहकारी संग सहकार्यको उत्तम विकल्प हो । नेपालमा सहकारी क्षेत्रको विकासको लागि वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना गरिएको थियो । त्यस भन्दा पहिला नेपालमा बाहुन क्षेत्री समुदायमा पर्म, गुरुङ समुदायमा नोगार, थकाली, भोटे, नेवार समुदायमा ढिकुडी व्यवस्था प्रचलनमा थियो ।

देश विकासका लागि आर्थिक क्रियाकलाप हुनुपर्छ । आर्थिक क्रियाकलाप विना देशको विकास हुन सक्दैन । हाम्रो देशमा सार्वजनिक निजी र सहकारी तीनवटै क्षेत्रहरु क्रियाशिल छन । निजी लगानी कर्ता उद्यमी व्यवसायीहरु र सहकारीको सहकार्य समन्वयमा नै विकासको गति अगाडि वढ्छ भन्ने कुरामा प्रायः सबैजसो समुदाय विश्वस्त छ। हाल नेपालमा झन्डै ३४,००० जति सहकारी संस्था क्रियाशिल छन्। सहकारी सस्था मानिस प्रधान हुन्छ । सहकारी संस्थाले सेवा पक्षलाई प्राथमिकता दिन्छ। सहकारीको सदस्यता खुला र स्वेच्छिक हुन्छ । सहकारीको निश्चित क्षेत्र हुन्छ। सहकारीले समानताको व्यवहार अपनाउछ। जतिसुकै रकम लगानी गरे पनि उसको हैसियत अन्य सरह नै हुन्छ । सहकारी पारस्परिक सहयोगमा आधारित हुन्छ । सहकारीले सदस्यहरुको मात्र सामाजिक तथा आर्थिक विकास जोड दिन्छ । सहकारी सस्थाले नैतिकताको पनि ख्याल राख्नु पर्दछ।

समुदायको विकासमा सहकारीको भूमिका र महत्व असीमित छ । यसले गरिबी र असमानता हटाउन मद्दत गर्दछ । यसले ग्रहणकारी सम्यन्त्रको व्यवस्था गर्दछ। समाजमा जनचेतना जगाउन विशेष भूमिका खेल्दछ। सहकारीले विकेन्द्रीत नेतृत्वको स्थापना गराउँछ । यसले सामाजिक परिचालन गराउँदछ । सहकारीले गर्दा रोजगारी र आयका अवसर सृजना गर्ने गर्दछ । सहकारीले सदस्यहरुलाई सरल र सहज तरिकाले ऋण उपलब्ध गराउछ । सहकारीबाट कारोबार गरी उद्यम व्यवसाय गर्नेले आधारभूत आवश्यकता पुरा गरी समाजमा उदाहरणीय बन्न प्रेरणा प्रदान गर्दछ। स्थानीय स्रोत र साधनको प्रयोग गरी विषयगत क्षेत्रको विकास गरी सामाजिक एकता कायम गराउँन मद्दत गर्दछ । अठारौं शताब्दीमा बेलायतमा औद्योगिक क्रान्ति भयो ठूलाठूला उद्योग स्थापना भए पछि घरेलु तथा साना उद्योगहरुले ठूला उद्योगसँग प्रतिस्पर्धा गर्न सकेनन् धमाधम बन्द हुँदै गए। कम ज्याला, अस्वस्थ वातावरण, धेरै काम गर्नु पर्ने भएकोले मजदुरहरु विरामी भए । उद्योगपति र पुँजीपतिहरुको शोषणबाट पीडित बेलायतका मजदुरहरु आफ्नो हक हित गरिबी उन्मूलन गर्न र रोजगारीका लागि एक आपसमा संगठित हुन थाले । बेलायतका रकडेल (Rockdale) गैरवासीहरुले सन १८३० मा सहकारी समाज गठन गरेका थिए।

विश्वमा सहकारी संस्थालाई जन्म दिने पहिलो राष्ट्र वेलायत भए पनि जर्मनीलाई पहिलो ऋण सहकारीको जन्मस्थल मानिन्छ । जर्मनीका किसान मजदुरहरु त्यस समयमा भोक, रोग र गरिबीबाट पिडित थिए। त्यहाँ शोषित पीडित जनताहरूलाई त्यहाँका धनी यहुदीहरुको शोषण र उत्पीडनबाट मुक्त गरी उनीहरुको आर्थिक उत्थान गर्न सुल्ज रेफिसनले महत्वपूर्ण योगदान गरेका थिए। जर्मनीलाई विश्वको आठवटा सम्पन्न राष्ट्रहरुको श्रेणीमा उभ्याउन सहकारी आन्दोलनको महत्वपूर्ण भूमिका रहेको छ।

सहकारीको इतिहासमा डेनमार्कलाई कृषि सहकारीको उद्गमस्थल मानिन्छ। डेनमार्कमा अमेरिकाबाट सस्तो दरमा खाद्यान्न आयात हुनाले डेनिस किसानहरुलाई अमेरिकी कृषि उपज संग प्रतिस्पर्धा गर्न कठिन भयो । त्यही समस्यासँग जुध्नका लागि सहकारीको आवश्यकको महसुस भई सन् १८६९ मा डेनमार्कमा पहिलो कृषि सहकारी संस्थाको स्थापना भयो । बेलायतबाट डेनिसमा बनेको मखन र क्रिमको माग अत्यधिक भयो । यसपछि डेनमार्कले कृषि सहकारीको सट्टा दुग्ध सहकारीलाई प्राथमिकता दिन थाल्यो।

सन् १९१० मा इजरायलमा सहकारी आन्दोलन किवुत्ज (Kibutism) को सुरुआत भएको थियो । इजरायल सहकारी संस्था किवुत्जले "सबैका लागि एक र एकका लागि सबै" भन्ने सिद्धान्तलाई आत्मसात् गरेको छ। यहाँको सहकारीले सबै सदस्यहरुको आवश्यकता पुरा गर्दछ। यहाँको राष्ट्रिय उत्पादनमा ४०% भन्दा बढी हिस्सा किवुत्जको रहेको छ।

जापानमा सन् १८७९मा उपभोक्ता सहकारी स्थापना भएको भएता पनि चीन, जापान युद्धका कारण सहकारीले गति लिन सकेन। दोस्रो विश्वयुद्ध हुँदा सबभन्दा बढी मार सहकारीलाई पर्‍यो । दोस्रो विश्वयुद्धको अन्त्यपछि जापानमा उपभोक्ता सहकारी ज्यादै लोकप्रिय भए । जापानलाई साना तथा मझौला उद्यमीहरुको देश मानिन्छ। जापानमा औद्योगिक र वाणिज्य सहकारी संस्थाहरु स्थापना र सञ्चालनमा छन् । जापानमा ७० प्रतिशत मजदुरहरुले काम गर्ने उद्योगबाट कुल उत्पादनको ५४ प्रतिशत हिस्सा ओगटेको छ।

सन् १९१२ मा चीनमा सहकारी आन्दोलन भएको थियो । त्यहाँ जनवादी गणतन्त्र भए पश्चात भूमिहिन किसानहरुलाई पनि जमिन प्राप्त हुने गरी क्रान्तिकारी भूमिसुधार.लागू गरियो। जनताको चाहना र इच्छा अनुसार राज्यको सहयोग तथा प्रोत्साहनमा सहकारी संस्थाहरु स्थापना गरियो । सन् १९७९ पछि चीनमा सरकारले नयाँ नीति लागू गरे पश्चात विभिन्न किसिमका सहकारीहरु परिचालन भएका थिए । चीनमा झण्डै २० करोड किसानहरु सहकारीमा आबद्ध छन्। ४५ हजार आपूर्ति र वितरण सहकारी छन्। यसमा काम गर्ने कर्मचारी ५० लाख भन्दा बढी छन् । सल्लाह र शिक्षा दिनका लागि २ लाख भन्दा बढी सहकारी विज्ञ क्रियाशील छन्।

वि.सं २०११ सालमा बाढी पिडितहरुलाई बसोबास गराउन चितवनमा राप्तीदुन बहुउद्देश्यीय विकास आयोजना सञ्चालन भयो । उक्त क्षेत्रमा बसोबास गराइएकाहरुलाई सहज र सुलभ तरिकाले कृषि उपलब्ध गराउन २०१३ साल चैत्र २० गते चितवनको बखानपुरमा "बखान सहकारी संस्थाको स्थापना गरियो । हरेक वर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवसका रुपमा मनाउने गरिन्छ । वि.सं. २०६५/०६६ मा सरकारले "गाउँ गाउँमा सहकारी, घरघरमा भकारी" भन्ने नारा अगाडि सार्‍यो । त्यसपछि पनि नेपाल सरकारले "गाउँ गाउँमा सहकारी घर घरमा रोजगारी" भन्ने कार्यक्रम र नारा तय भएको थियो। नारा बमोजिमको काम कति सफल वा असफल भयो समीक्षा भएको पाइँदैन। बैंक तथा वित्तीय संस्था र सहकारी संस्था एउटै हुन् भन्ने भ्रम सिर्जना भएको देखिन्छ। कतिपय व्यक्तिले घर घडेरी बिक्री गरी बढी ब्याज पाउने लोभमा सहकारीमा मुद्दती खातामा रकम राख्ने गरेकोमा केही सहकारी समस्याग्रस्त र केही सहकारी बन्द भएको अवस्थामा छन्।

सन् १९९५ को सेप्टेम्बर दोंखि अन्तराष्ट्रिय सहकारी महासंघ बाट सहकारीका सात वटा सिद्धान्तहरु स्वीकृत भएको छ। ति सिद्धान्तहरु विश्वभरिका सहकारी सस्थाहरुले अनुशरण र पालन गर्नु पर्दछ । सहकारीका सिद्धान्त निम्नानुसार छन्।

१. स्वेच्छिक तथा खुला सदस्यता,
२.सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण
३.सदस्यहरुको आर्थिक सहभागिता
४. स्वायत्तता र स्वतन्त्रता
५. शिक्षा, तालिम र सूचना
६. सहकारी विच सहकार्य
७. समुदाय प्रति चासो

**सहकारी संस्थाको उद्देश्य र कार्य**

१.सहकारीको मूल्य मान्यता र सिद्धान्तको पालना गर्ने गराउने।
२.सदस्य र आफ्नो व्यवसायको हित पूर्वाधार तथा सो को बजारीकरण गर्ने गराउँने।
३.सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने तथा सदस्य संस्था वा संघमा सुशासन प्रबर्द्धन गर्ने गराउने।
४.संस्था वा संघ बिचको पारस्परिक सहयोग अभिबृद्धि गर्ने गराउने।
५.सस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक दायित्व र जोखिम व्यवस्यापन सम्वन्धी कार्य गर्ने।
७.आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने।
८.संस्थाको व्यवसायिक पूर्वाधार तथा विकास सम्वन्धी क्रियाकलापहरु सन्चालन गर्ने।
९.मन्त्रालय रजिष्टार, प्रदेश सरकार वा स्थानीय सरकारको निर्देशन पालना गर्ने।
१०.सहकारीको विनियममा उल्लेखित कार्यहरु गर्ने।

**सहकारीको महत्व**

समुदायमा सहकारीको स्थापनाले छरिएर रहेको सानो रकमबाट एथेष्ठ पूँजी संकलन हुने गर्दछ । सहकारीको माध्यमवाट गरिब तथा पिछडिएका समुदायले आर्थिक विकास गर्ने अवसर पाउछन । सहकारीका सदस्यहरुलाई सीपमुलक तालिम प्रदान गरी सदस्यको आयश्रोतमा वृद्धि हुन्छ। नेपालको अर्थतन्त्रमा सहकारीको योगदान ३ प्रतिशत र आर्थिक विकासमा झण्डै १५ प्रतिशत सहयोग पुगेको छ । समुदायमा रहेको निश्क्रिय स्रोत र साधनको उचित परिचालन भएको छ। सहकारी मार्फत केही मात्रामा भए पनि वेरोजगारीको समस्यामा कमी आएको छ । राष्ट्रमा गरिबी निवारणका लागि सहकारीले विशेष योगदान पुऱ्याउन सम्भव छ । नेतृत्वदायी भूमिका निभाउन सहकारीले सहयोग पुऱ्याउछ । स-साना पूँजीको संकलन गरी उच्चस्तरको व्यवसायमा समेत सहकारीले योगदान पुऱ्याउन सक्दछ । सहकारीको माध्यमवाट स्वतः उत्तरदायित्वको भावना प्रर्वधन गर्न तथा आपसी सहकार्य, सहयोग एवं ऐक्यवद्धताको भावना विकास गर्न सहयोग पुगेको छ । यसर्थ न्यून पूँजी भएका तर सहकार्यात्मक सोच भएका व्यक्तिहरुले एक आपसमा सहकार्य गर्ने परिपाटी नै सहकारीको उपज हो।

हकारी सुन्दा जति राम्रो छ हाल विभिन्न सहकारीमा समस्या पनि आएको हामीले सुनेका छौं। उत्पादनशिल क्षेत्रमा सहकारीको लगानी बढाउन नसक्नु, सहकारीमा वित्तिय अनुसासन कमजोर हुनु, सहकारी ऐन नियम परिमार्जन हुन नसक्नु, सरकारी कर नीति सहकारी मैत्री नहुनु, शिक्षा तालिम र सूचनाको अभाव हुनु, जनचेतनाको कमि हुनु, संस्थागत र संरचनागत केन्द्रिय निकायको अभाव र नियमनकारी निकायको कमजोर अनुगमन प्रक्रिया आदि सहकारीका समस्याहरु हुन।

ाल नेपालमा सहकारी प्रति नकरात्मक दृष्टीकोण बढि हुने गरेको छ। समयमा नै सचेत रहि सहकारीका मूल्य मान्यता प्रति प्रतिबद्ध रहेमा सकरात्मक दृष्टीकोण बनाउन सकिन्छ। आफन्त तथा चिनजानका व्यक्तिलाई नियम विपरित ऋण दिने गरेको भए सोको अन्त्य हुनु पर्छ। एउटा मात्रै सहकारीको सदस्य बन्ने र परिवारको एक जनामात्र सदस्य बन्ने, एउटै व्यक्ति एक भन्दा वढि सहकारीको संचालक नवन्ने नियमलाई कडाइका साथ पालना गर्नु पर्दछ । सहकारीको सदस्य बाहेकको व्यक्ति वा व्यवसायलाई ऋण दिन बन्द गर्नु पर्छ। हरेक सहकारीको आआफ्नो कार्यक्षेत्र हुन्छ। आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको व्यक्तिलाई सदस्य नबनाउने र ऋण प्रवाह नगर्ने हो भने सहकारी उत्तम आर्थिक गतिविधी बन्न पुग्छ । सहकारीमा रहेका समस्याहरु समाधान पनि गर्न सकिन्छ। सहकारीको लगानीलाई उत्पादनशिल क्षेत्र तर्फ प्रोत्साहित गर्ने, कडा वित्तिय अनुसासन कायम गर्ने। सहकारी ऐन नियमलाई समयानुकुल परिमार्जन गर्ने, कर नीति र कर प्रशासन सहकारी मैत्री बनाउने, सहकारी सम्बन्धि तालिम प्रदान गर्ने, प्रभावकारी मूल्याङ्कन गर्ने परिपाटी वसाल्ने र सुदृढ केन्द्रिय निकायको व्यवस्था भएमा सहकारीलाई अझ लोकप्रिय र समाज रुपान्तरणमा प्रभावकारी माध्यम वनाउन सकिन्छ भन्ने कुरामा दुई मत रहने छैन्।

# लायन्स क्लब अफ पोखरा मार्दीको अध्यक्षमा रिजाल चयन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ एल अन्तर्गत लायन्स क्लब अफ पोखरा मार्दीको लायन वर्ष २०२६/२७ का लागि नयाँ नेतृत्व चयन गरेको छ । क्लबको अध्यक्षमा उमाकान्त रिजाल चयन भएका छन्।

त्यसैगरी प्रथम उपाध्यक्षमा विष्णु प्रसाद अधिकारी, द्वितीय उपाध्यक्षमा अर्जुन प्रसाद पौडेल, सचिवमा पंकज कुमार धामी चयन भएका छन्।

यसैगरी सह सचिवमा लायन अर्जुन बहादुर क्षेत्री, कोषाध्यक्षमा खिम बहादुर भुजेल(कुमार), क्लब एड्मनिस्टेटर मनोज कुमार अधिकारी र श्याम प्रसाद भुषाल, सदस्यता वृद्धि प्रमुखमा अर्जुन बास्तोला, एलसीआईएफ कोअर्डिनेटरमा नारायण बडुवाल, मेडिया कोडिनेटर सागर राज तिमिल्सिना, खेलकुद निर्देशक लेखनाथ न्यौपाने, आर्थिक निर्देशकमा नवराज बराल चयन भएका छन् । नव-निर्वाचित कार्यसमितिलाई डिष्ट्रिक्ट ३२५ एलका प्रथम भाइस गभर्नर इलेक्ट तेज नारायण पराजुली, डिष्ट्रिक्टका साहेक प्रमुख सल्लाकार राजु अधिकारी, साहेक प्रमुख सल्लाकार ज्ञानेन्द्र कोइराला, क्लबका संस्थापक अध्यक्ष मनोज कुमार अधिकारी लगातएले शुभकामाना दिदै क्लबलाई आगामी दिनमा अझ प्रभावकारी रूपमा सामाजिक सेवामा अग्रसर हुन आग्रह गरे । लायन्स क्लब अफ पोखरा मर्दीका अध्यक्ष सुमन पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निर्वाचन समितिका संयोजक श्याम प्रसाद भुषालको संयोजनकत्वामा निर्वाचन समिति सम्पन्न भयो।

# सहकारी दिवसको अवसरमा पामे बजार सरसफाई

**पोखरापत्र संवाददाता**
पोखरा, १९ चैत

६९ औं राष्ट्रिय सहकारी दिवस अवसरमा पामे बचत तथा ऋण सहकारीले पामे बजारमा सरसफाई कार्यक्रम गरेको छ।

पोखरा २४ पामे बजारमा सहकारीका सदस्य सहित स्थानीय, प्रहरी, आमा समुह मिलेर सरसफाइ गरेका हुन्।

प्रत्येक वर्ष चैत २० गते देशभर विविध कार्यक्रमसहित सहकारी दिवस मनाइने परम्परा अनुरूप यस वर्ष "उद्यमशीलता र पारदर्शिताः सहकारीको अपरिहार्यता" भन्ने मूल नारासहित दिवस मनाइदै छ । पामे बजार फेवातालका मुहान क्षेत्रका साथै पर्यटकी स्थल भएका कारण पनि सरसफाइमा ध्यान दिदै आफुहरुले सर सफाइ गरेका सहकारीका अध्यक्ष नवराज पराजुलीले बताए। उनले सहकारीले सामाजीक क्षेत्रमा बेला बेला विभिन्न काम गर्दै आएको बताए।

पामे बजारमा रहेका विभिन्न प्लाष्ट्रिक, बोतल लगाएतका फोहोरहरु भेटिएको सहकारीका व्यावास्थापक सुर्यमोहन पराजुलीले बताए । उनले पामे बजारलाई सधै सफा राख्नु पर्ने बताउदै बजारको फोहोर फेवातालमा जाने भएकाले पनि सफा राख्नु पर्ने बताए।

# पोखरा आदर्शमा योग-ध्यानको जागरण

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत



पोखरा महानगरपालिका-१, बगरस्थित पोखरा आदर्श माध्यमिक विद्यालयले विद्यार्थीको समग्र व्यक्तित्व विकासलाई केन्द्रमा राख्दै सञ्चालन गरेको चार दिने योग-ध्यान शिविर सफलतापूर्वक सम्पन्न भएको छ।

"स्वस्थ जीवनको चाहना, योग शिक्षा र साधना" भन्ने सार गर्भित नारासहित चैत्र १६ गतेदेखि १९ गतेसम्म आयोजना गरिएको उक्त शिविर कक्षा ११ व्यवस्थापन संकायका विद्यार्थीहरूका लागि विशेष रूपमा लक्षित गरिएको थियो । आजको तीव्र गतिमा बदलिँदो जीवनशैली, बढ्दो मानसिक दबाब र प्रविधिको अत्यधिक प्रयोगका कारण युवापुस्तामा देखिँदै गएको तनाव, एकाग्रताको अभाव र जीवनशैलीगतअसन्तुलनलाईमध्यनजर गर्दै विद्यालयले यस्तो शिविर आयोजना गरेको हो । शिविरले केवल योगाभ्यासमा सीमित नभई विद्यार्थीको सोच, व्यवहार र दृष्टिकोणमै सकारात्मक रूपान्तरण ल्याउने लक्ष्य बोकेको देखिएको थियो । शिविरका क्रममा विद्यार्थीहरूलाई कार्यदक्षता अभिवृद्धि गर्ने व्यावहारिक उपायहरू, सिर्जनात्मक सोचलाई कसरी विकसित गर्ने, बाल मनोविज्ञानलाई गहिराइमा बुझ्ने तरिका तथा सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने विविध विधिहरूका बारेमा प्रशिक्षण दिइएको थियो।

विशेष गरी ध्यान र योगमार्फत आन्तरिक शान्ति प्राप्त गर्ने, मानसिक तनावलाई व्यवस्थापन गर्ने, आत्मअनुशासन विकास गर्ने र आत्मविश्वास मजबुत बनाउने अभ्यासहरूलाई प्राथमिकता दिइएको व्यवस्थापन संकाय संयोजक कुशल तिमिल्सिनाले बताए । उनका अनुसार "योग केवल शारीरिक अभ्यास मात्र नभई जीवनलाई सन्तुलित, अनुशासित र अर्थपूर्ण बनाउने एक समग्र जीवनशैली हो।" शिविरमा 'आर्ट अफ लिभिङ'सँग आबद्ध अनुभवी प्रशिक्षकहरू सृजना भट्टराई थापा, पवित्रा थापा, शिलु श्रेष्ठ, श्रीयंक, मिल्टन त्रिपाठी र सबु शर्माले सहभागी विद्यार्थीहरूलाई योग, ध्यान तथा प्राणायामका विविध आयामहरूमा गहिरो अभ्यास गराएका थिए । उनीहरूले जीवनमा सकारात्मक ऊर्जा भर्ने, नकारात्मक सोचलाई रूपान्तरण गर्ने र वर्तमान क्षणमा बाँच्न सिकाउने अभ्यासहरूलाई विशेष रूपमा जोड दिएका थिए। उक्त शिविरले विद्यार्थीहरूमा केवल शारीरिक स्फूर्ति मात्र नभई मानसिक स्पष्टता, भावनात्मक सन्तुलन र जीवनप्रतिको सकारात्मक दृष्टिकोण विकास गर्न महत्वपूर्ण भूमिका खेलेको देखिएको छ। शिविरमा सहभागी विद्यार्थीहरूले कार्यक्रमलाई जीवनोपयोगी र प्रेरणादायी अनुभवको रूपमा लिएका छन् । सहभागी उपेन्द्र बरालले आफ्नो अनुभव साझा गर्दै भने, "आजको समयमा किशोर-किशोरीहरू अनेकौं विकृति, विसङ्गति, कुलत र प्रविधिको दुरुपयोगको जोखिममा छन्। यस्ता योग-ध्यान शिविरहरूले हामीलाई सही दिशा देखाउनुका साथै आत्मनियन्त्रण र सकारात्मक सोच विकास गर्न ठूलो मद्दत गर्छ।" कार्यक्रमको समापन समारोहलाई सम्बोधन गर्दै विद्यालयका निर्देशक नारायण न्यौपानेले सकारात्मक सोचबिना कुनै पनि व्यक्तिको दिगो रूपान्तरण सम्भव नहुने स्पष्ट पारे । उनले भने, "हामीभित्र असीमित क्षमता, ऊर्जा र सम्भावनाहरू लुकेर बसेका हुन्छन्, तर ती क्षमतालाई पहिचान र जागरण गर्न सक्ने वातावरण आवश्यक हुन्छ। योग-ध्यान त्यही वातावरण निर्माण गर्ने सशक्त माध्यम हो।" उनले यस्ता कार्यक्रमहरू विद्यार्थीमा सीमित नराखी अभिभावक र शिक्षकहरूमा समेत विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए, ताकि समग्र शैक्षिक वातावरणनैसकारात्मकरऊर्जाशील बन्न सकोस् । विद्यालयले यस्ता सिर्जनात्मक, जीवनोपयोगी तथा रूपान्तरणमुखी कार्यक्रमहरूलाई आगामी दिनमा अझ व्यापक र निरन्तर रूपमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।



सहकारी दिवसमा कोनको सरसफाईः ६९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा एकताको सन्देश बोकेर पोखरा महानगरपालिका वडा नं १३ स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. द्वारा विहीवार सरसफाई कार्यक्रम गरेको छ। बिहानैदेखि समर्पणका साथ गरिएको यो अभियानले वडा नं १३ मा स्वच्छ वातावरणको सन्देश फैलाएको कोन सहकारीका अध्यक्ष माधवप्रसाद सिग्देलले पोखरापत्रलाई वताए। कोन सहकारीका अध्यक्ष सिग्देल, निवर्तमान अध्यक्ष तीर्थवहादुर बस्नेत र सल्लाहकार कृष्णकान्त सिग्देलले एउटै थलोमा जुटेर २०८३ सालको भित्तेपात्रो विमोचन गरेका छन्। पोखरापत्र

# आँखा परीक्षण शिविरमा ११० जनाको मोतियाविन्दुको शल्यक्रिया

पोखरापत्र संवाददाता
दमौली, १९ चैत

तनहुँको भानु नगरपालिकामा सञ्चालन गरिएको आँखा परीक्षण शिविरअन्तर्गत एक हजार ५०० जनाको निशुल्क आँचा परीक्षण गरिएको छ। उक्त शिविरमा मोतियाविन्दुको समस्या देखिएका एक सय १० जनाको आँखाको शल्यक्रिया गरिएको हो।

आइतबारदेखि सुरु भई बुधबार सकिएको शिविरअन्तर्गत भानु नगरपालिका-१३, ९, १ र ३ मा आँखा शिविर सञ्चालन गरिएको थियो । आँखासम्बन्धी समस्या भएका सर्वसाधारणलाई लक्षित गरी सञ्चालन गरिएको शिविरमा मोतियाविन्दुको समस्या देखिएका एक सय १० जनाको बुधबार शल्यक्रिया गरिएको नगर पालिका कार्यालयले जनाएको छ। आर्थिक अभावका कारण उपचार बाट वञ्चित स्थानीयवासीका लागि शिविरले राहत दिएको स्थानीय बताउँछन्।

भानु-२ नारेश्वटारस्थित भानु सामुदायिक स्वास्थ्य केन्द्रमा समस्या भएकाको शल्यक्रिया गरिएको स्वास्थ्य शाखा प्रमुख ऐश्वर्यचन्द्र भट्टराईले जानकारी दिनुभयो । नगरपालिका र नेपाल नेत्रज्योति सङ्घ, भरतपुर आँखा अस्पतालको प्राविधिक सहयोगमा शल्यक्रिया गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार नेत्र विशेषज्ञ डा मारिया गौतमसहितको टोलीले आँखाको शल्यक्रिया गरेको हो।

आर्थिक अवस्था कमजोर भएका नागरिकलाई लक्षित गर्दै प्रत्येक वर्ष शिविर सञ्चालन गर्दै आइएको भट्टराईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आँखाजस्तो संवेदनशील अङ्गको उपचार समयमा हुन सकेन भने मानिसको जीवनमा प्रत्यक्ष तथा नकारात्मक असर पर्न सक्छ। आँखा समस्या आउनुका अन्य कारण पनि हुनसक्ने भएकाले शिविरमार्फ समस्या पहिचानको पहल गरिएको हो। भानु नगरपालिकाले यही कुरालाई ध्यानमा राख्दै प्रत्येक वर्ष निःशुल्क आँखा शिविर सञ्चालन गर्दै आएको छ । यस वर्ष पनि उल्लेख्य सङ्ख्यामा बिरामीले सेवा लिएका छन्।"

आँखा परीक्षणका लागि सदरमुकाम दमौली, पोखरा वा चितवन जानुपर्ने बाध्यताको अन्त्यका लागि नगरपालिकाले स्थानीयस्तरमा शिविर सञ्चालन गरी शल्यक्रिया सेवा प्रदान गरिएको नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो । "स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार हो । त्यसैले टाढाटाढा धाउनुपर्ने बाध्यताको अन्त्य गर्न नगरभित्र विशेषज्ञ सेवा ल्याएका हौँ", उहाँले भन्नुभयो, "यसले विशेषगरी आर्थिक रूपमा कमजोर तथा ज्येष्ठ नागरिकलाई प्रत्यक्ष लाभ पुगेको छ।"

# पोखरा-२६ का सहकारीको संयुक्त सरसफाई कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

पोखरा महानगर पालिका वडा नम्बर २६ मा रहेका सहकारि हरूले संयुक्त रूपमा सरसफाई कार्यक्रम सम्पन्न गरेका छन्।

उद्यमशिलता र पारदर्शिताः सहकारिको प्राथमिकता का साथ भन्ने नारा सहित ६९ औं राष्ट्रिय सहकारि दिबसको पुर्ब सन्ध्याको अबसर पारेर बिहीबार पोखरा २६ का ९ वटा सहकारिले संयुक्त रूपमा सरसफाई कार्यक्रमको आयोजना गरेका हुन्। सरसफाई कार्यक्रम बुढिबजार चोकबाट शुरूगरेर बिजयपुर सम्म र पुन बुढिजार मा गएर सम्पन्न भएको थियो। सरसफाई कार्यक्रमको उद्धाटन मा बोल्दै जिल्ला सहकारि संघ कास्किका प्रतिनिधि नारायण



प्रसाद बजंगाईले सहकारि हरू समाजका एक मेरूदण्ड हुन जसले हरेक परिवारमा सहकारि को माध्यमबाट जीवन उपयोग गर्नमा मद्दत साथै अहम् भुमिका खेलेको बताए।

जनप्रीय सहकारिका अध्यक्ष रबिन्द्र मोहन अधिकारि को अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिलिङ्गे कृषि उत्पादक सहकारिका अध्यक्ष ठाकुर प्रसाद रानाभाटले स्वागत मन्तब्य राखेका थिए। कार्यक्रममा नौ वटै सहकारिका सन्चालक ,कर्मचारि तथा शेयर सदस्यहरूको बाक्लो उपस्थिति रहेको थियो । भने कार्यक्रम सन्चालन जनप्रीय सहकारिका सचिब दिपकनाथ भण्डारी ले गरेका थिए। देशभर भोलि २० गते ६९ औं रास्ट्रिय सहकारि दिबस मनाईदै छ।

# सभामुखमा उपसभापति अर्याललाई प्रस्ताव गर्ने रास्वपाको निर्णय

पोखरापत्र संवाददाता
पोखरा, १९ चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभाको सभामुख पदका लागि पार्टी उपसभापति डोलप्रसाद डिपी अर्याललाई प्रस्ताव गर्ने निर्णय गरेको छ। बिहीबार सिंहदरबार मा बसेको रास्वपाको संसदीय दलकोबैठकमापार्टीसभापतिरबि लामिछानेले राख्नुभएको सो प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको हो।

सभामुख पदको निर्वाचनका लागि यही चैत २२ गते आइतबार बिहान ११ बजे बस्ने प्रतिनिधिसभाको बैठक राखिएको छ ।

# व्यवसायी भट्ट प्रहरी नियन्त्रणमा

रासस
काठमाडौं, १९ चैत

प्रहरीले सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा व्यवसायी दिपक भट्टलाई नियन्त्रणमा लिएको छ।

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले आज काठमाडौँको गैरीधारा क्षेत्रबाट उहाँलाई नियन्त्रणमा लिएको प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो।

ब्युरोले सम्पत्ति शुद्धीकरणसम्बन्धी विषयमा भट्टमाथि अनुसन्धान गरिरहेको छ।


## श्री विद्युत विकास विभागद्वारा प्रस्तावित मादी सिति जलविद्युत आयोजना, ११९ मे.वा. को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८२/१२/२०)**

श्री विद्युत विकास विभागद्वारा गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ८, ९, १०, ११, १२, पोखरा महानगरपालिका वडा नं. २८ र ३१, रूपा गाउँपालिका वडा नं. १, ६ र ७, लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ७ र ८ तथा क्व्होलासोथार गाउँपालिका वडा नं. ७ र ९ मा पर्ने मादी नदीको पानीलाई प्रयोग गरी ११९ मे.वा. जडित क्षमता भएको मादी सिति जलविद्युत आयोजना प्रस्ताव गरिएको छ। यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण तथा कार्यसूची प्रतिवेदन मिति २०८१/०८/०१ गते वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भई सकेको छ।

उक्त आयोजना कार्यान्वयन गर्नुपर्ने भएकाले स्थानीय सरोकारवालाहरू, सरकारी कार्यालय, संघ/ संस्था तथा व्यक्तिगत राय/सुझाव प्राप्त गर्ने उद्देश्यले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कार्यक्रममा सम्बन्धित संघ/संस्था र सर्वसाधारणको उपस्थितिको लागि आमन्त्रण गरिएको छ। आयोजना कार्यान्वयनका कारण प्रभावित घरधुरीहरूको विवरण/सूची प्रभावित वडा कार्यालयमा टाँस गरिएको छ।

**कार्यक्रम सञ्चालन हुने**

| जिल्ला | स्थान | मिति | समय |
|---|---|---|---|
| कास्की | मादी गाउँपालिका वडा नं.१०, थुम्सी (स्वास्थ्य चौकी भवन) | २०८३/०१/०३ | बिहान १०:३० बजे |
| | रूपा गाउँपालिका वडा नं.७, माझवेसी (सामुदायिक भवन) | २०८३/०१/०३ | दिउँसो ३:०० बजे |
| लमजुङ | मध्यनेपाल नगरपालिका वडा नं. ८, कल्याण वेसी (समाज भवन) | २०८३/०१/०४ | बिहान १०:३० बजे |
| | क्व्होलासोथार गाउँपालिका वडा नं. ९, गिलुङ्ग (सामुदायिक भवन) | २०८३/०१/०४ | दिउँसो ३:०० बजे |

**प्रस्तावकको नामः विद्युत विकास विभाग**
**ठेगाना : सानो गौचरण, काठमाडौँ, नेपाल।**
**फोन नं : ०१-४५३४११९**
**इमेलः** info@doed.gov.np, **वेबसाइटः** www.doed.gov.np



## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८२/१२/२०)**

गण्डकी प्रदेश कास्की जिल्ला मादी गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | मादी गाउँ कार्यपालिकाको कार्यालय<br>थुमाकोडाँडा, कास्की<br>गण्डकी प्रदेश |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश कास्की जिल्लाको मादी गाउँपालिका अन्तर्गत पर्ने मादी नदि र अन्य खोलाको विभिन्न घाटहरूबाट दिगो तथा वातावरणमैत्री रुपले ढुंगा, गिट्टि तथा बालुवा (नदिजन्य पदार्थ) उत्खनन तथा संकलन् गर्ने कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन |
| प्रभाव पर्न सक्ने जिल्ला /गा.पा. | कास्की जिल्ला/ मादी गाउँपालिका वडा नं. १ देखि १२ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रहरुको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-सांस्कृतिक तथा आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न प्रभावित स्थानीय तहको वडा कार्यालय तथा विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **मादी गाउँपालिका**<br>**गाउँ कार्यपालिकाको कार्यालय**<br>**थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश**<br>**ई-मेलः** info@madimunkaski.gov.np,<br>madimunkaski@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | **डिलाइट इन्जिनियरिङ सर्भिसेस प्रा. लि.**<br>**पोखरा-कास्की**<br>**ईमेलः** annapurnatechno078@gmail.com<br>**फोन नं.: ९८५६०७२००७** |